नेपाल सरकार
# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
नगरपालिका व्यवस्था शाखा
सिंहदरबार, काठमाडौं

फोन नं.: ०१-४२००२८३
फ्याक्स : ०१-४२००३३६
ईमेलः municipal@mld.gov.np

प.सं. २०७१/०७२
च.नं. ४०९

मिति : २०७२/२/४

**विषय : भवन निर्माणको स्वीकृति रोक्का सम्वन्धमा ।**

**श्री जिल्ला विकास समितिको कार्यालयहरु, सवै ।**
**श्री महानगरपालिका/उप-महानगरपालिका/नगरपालिका कार्यालयहरु, सवै ।**

उपरोक्त विषयको सम्वन्धमा मिति २०७२/१/१२ मा आएको विनासकारी भुकम्प तथा सो पश्चात आएको पराकम्पनहरुबाट नेपालको विभिन्न स्थानमा अतुलनीय रुपमा घरसंरचनाहरु भत्किएका तथा कतिपय घरहरु मर्मत सम्भार गर्न सक्ने अवस्थामा समेत नरहेको परिप्रेक्ष्यमा सहरी योजना एवं भवन निर्माण सम्वन्धी मापदण्ड, भवन संहिता तथा भवन निर्माण निर्देशिका एवं यस सम्वन्धी विद्यमान नीति एवं निर्माण पद्धति पुनरावलोकन गर्नुपर्ने र तत्पश्चात मात्र भवन निर्माणको स्विकृति प्रदान गर्न जरुरी देखिएकोले हाललाई देहाय अनुसारको व्यवस्था कार्यान्वयन गर्न गराउनु हुन नेपाल सरकार (माननीय उपप्रधानमन्त्री स्तर) को मिति २०७२/२/४ को निर्णयानुसार अनुरोध गरिन्छ ।

**तपसिल**

१. चालु आर्थिक वर्ष २०७१/७२ को आषाढ मसान्त सम्म कुनैपनि नयाँ भवन निर्माणको लागि नक्सापासको निवेदन दर्ता नगर्ने । यो निर्णय हुनु भन्दा अगावै भवन निर्माणको अनुमतिको लागि नियमानुसार निवेदन दर्ता भएको तर नगरपालिकाबाट नक्सापासको स्वीकृति प्राप्त नभएको निवेदनहरुमा समेत उक्त अवधि सम्मका लागि भवन निर्माणको लागि अनुमति नदिने ।

२. यो निर्णय हुनु अगावै नक्सापास भएको तर निर्माण कार्य शुरु नभएको हकमा समेत आगामी २०७२ आषाढ मसान्त सम्मका लागि भवन निर्माण कार्य रोक्का गर्ने । तर भुकम्प प्रभावित क्षेत्रमा तत्काल बसोवासको निमित्त नगरपालिका/गाउँ विकास समितिबाट स्वीकृत मापदण्डको प्रतिकूल नहुने गरी यस मन्त्रालय तथा सहरी विकास मन्त्रालयबाट सिफारिस गरिएका भवन निर्माणको नयाँ नयाँ प्रविधिमा आधारित भुकम्प प्रतिरोधात्मक र वातावरणमैत्री Tested/Certified जस्तै Prefabricated Panel सहितका घर तथा भत्के विग्रेका घरको सट्टामा स्थानीय निकायबाट तोकिएको स्थानमा निश्चित अवधिका लागि अस्थायी प्रकृतिका घर तथा टहरा बनाउने अनुमति स्थानीय निकायबाट प्रदान गर्न सकिने ।

३. भवन निर्माणको नक्सापास गरी स्वीकृत मापदण्ड अनुसार निर्माण कार्य शुरु भइसकेको भवनको हकमा समेत आगामी २०७२ साल आषाढ मसान्त सम्मको लागि भुँइतल्ला समेत गरी २ तल्ला भन्दा माथि निर्माण कार्य गर्न नदिने व्यवस्था मिलाउने ।

४. यस अघि मापदण्ड तथा नियम मिचेर बनाइएका पर्खाल तथा हालैको भुकम्पबाट जोखिम युक्त देखिएका पर्खालहरु अविलम्ब हटाउने । विद्यमान मापदण्ड अनुरुप सडकको Rights of Way (RoW) र Set Back छाडेर मात्र सीमा पर्खाल निर्माणको अनुमति प्रदान गर्ने । साथै सडक तथा गल्लीका दुई किनारा छेउमा निर्माण गरिने पर्खाल सम्वन्धमा यस मन्त्रालय (अग्नि नियन्त्रण तथा विपद व्यवस्थापन शाखा) को च.नं. २४ मिति २०७१/११/३ को निर्देशनलाई अविलम्व कार्यान्वयनमा ल्याउने । साथै नगरका सबै क्षेत्रमा दमकल पुग्न सक्ने गरी गल्ली तथा सडक विस्तार गर्ने कार्यलाई उच्च प्राथमिकतामा राखी निरन्तरता दिने ।

५. भवन निर्माण संहिताको पुनरावलोकन गर्न जरुरी देखिएकोले २०७२ आषाढ मसान्त सम्मका लागि निजी तथा सार्वजनिक क्षेत्रबाट गरिने नयाँ सँयुक्त आवास निर्माण तथा जग्गा विकास (Plotting) सम्वन्धी योजनाको स्वीकृति प्रक्रिया रोक्का गर्ने । साथै आगामी आर्थिक वर्षदेखि घर-घडेरी प्रयोजनको लागि जग्गा विकासको स्वीकृति दिंदा Plotting हुने जग्गा भित्र तोकिए अनुसारको सडक तथा घडेरी क्षेत्रफल मापदण्ड, सार्वजनिक पूर्वाधारहरु तथा खुला क्षेत्र (Open Space) हुनैपर्ने व्यवस्था कार्यान्वयनमा ल्याउने ।

फोन नं.: ०१-४२००२८३
फ्याक्स : ०१-४२००३३६
ईमेल: municipal@mld.gov.np

६. मापदण्ड विपरित नक्सा पास गर्ने, भवन निर्माणको अनुमति दिने तथा यस कार्यमा संलग्न रहने कर्मचारीहरुलाई कारवाही गर्न अविलम्व प्रक्रिया थालनी गर्ने । नगरपालिका भित्र नक्सापास नभई बनेका ठूला संरचना निर्माण गर्ने निर्माणकर्ता र नक्सापास भएका तर भत्किएका संरचनाको नक्सा तयार गर्ने तथा पास गर्ने प्राविधिक एवं कर्मचारी लगायत निजी क्षेत्रका डिजाइनरहरुको लगत राखी सोको सो को विवरण सार्वजनिकीकरण गर्ने । नियम विपरीत डिजाइन तथा निर्माणमा संलग्न निजी क्षेत्रका इन्जिनियरहरुको नाम नामेसी सहितको विवरण तयार पारी जानकारी एवं कारबाहीको निमित्त नेपाल इन्जियरिङ काउन्सिलमा लेखी पठाउने ।

७. Soil Failure/Design Failure/Poor Quality को निर्माण आदिबाट धेरै भवनहरु भत्केको तथा असुरक्षित देखिएको सन्दर्भमा आगामी २०७२ श्रावण पश्चात Soil Test गराई Soil Bearing Capacity को आधारमा भुकम्प प्रतिरोधात्मक Structure Design गरी मौजुदा ऐन, नियम मापदण्ड अनुरुपका संयुक्त आवास तथा भवन निर्माणको स्वीकृति दिने प्रक्रिया अगाडी बढाउने ।

८. नगरपालिकाका प्राविधिक कर्मचारीको काम स्विकृत नक्सा तथा मापदण्ड अनुसार भवन निर्माण भएको छ छैन भन्ने विषयको अनुगमन गर्ने समेत रहेकोले निजहरु भवनको Design तथा नक्सा निर्माणमा सलग्न भएमा Conflict of Interest हुन जाने भएकोले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा नगरपालिकाका कर्मचारीहरु नगरपालिकाको लगानीमा निर्माण हुने सार्वजनिक भवन बाहेकका भवनको Design तथा नक्सा निर्माणमा संलग्न हुन नपाउने व्यवस्था कडाइका साथ पालन गर्ने । यस व्यवस्थाको प्रावधान विपरित नक्सा निर्माण तथा डिजाइनमा संलग्न कर्मचारीहरुलाई प्रचलित कानून अनुसार तत्काल कारवाहीको दायरामा ल्याउने ।

९. स्थानीय स्वायत्त शासन ऐन तथा नियमावली लगायत मौजुदा भवन निर्मण सम्वन्धी आचारसंहिता अनुसार गाउँ विकास समितिहरुमा पनि नक्सापासको व्यवस्था कार्यान्वयन गर्न आवश्यक भएकोले जिल्ला प्राविधिक कार्यालय लगायत नजिकको अन्य सरकारी कार्यालयको सहयोग र समन्वयमा आवश्यक प्राविधिक जनशक्ति व्यवस्था मिलाई आगामी आर्थिक वर्षदेखि गाउँ विकास समितिहरुमा समेत नक्सा पास गर्ने व्यवस्था मिलाउने ।

१०. भुकम्पबाट ध्वस्त भएका वस्तीहरुको पुन:निर्माण गर्दा सुरक्षित स्थानको छनौट गरी वस्ती स्तरमा Land Pooling गरी सुरक्षित वस्तीका लागि भुकम्प प्रतिरोधात्मक घर सहित आधारभूत सेवाहरु जस्तै सडक, खानेपानी, विजुली, सञ्चार, स्वास्थ्य, शिक्षा आदि उपलब्ध हुने गरी सुरक्षित तथा एकीकृतवस्ती विकास कार्यक्रमहरु थालनी गर्ने ।

११. गा.वि.स.हरुमा बन्ने घरहरु सुरक्षित र निश्चित मापदण्ड अनुरुप निर्माण गर्नको लागि तथा भवन संहिताको कार्यान्वयनको लागि जिल्ला प्राविधिक कार्यालयहरुलाई समेत जिम्मेवार बनाउने । आगामी आर्थिक वर्ष २०७२/०७३ देखि जिल्ला प्राविधिक कार्यालयको सहयोग र समन्वयमा गाविसमा सहरी विकास मन्त्रालयबाट तयार पारिएको भवन निर्माण सम्बन्धी निर्देशिका कार्यान्वयमा ल्याउने ।

१२. जिल्ला प्रशासन कार्यालयको सहयोग र समन्वयमा सरकारी तथा सार्वजनिक निकायहरुबाट कुनै भवन भाडामा लिंदा सो भवन मापदण्ड अनुसार भए नभएको एकीन गरी मापदण्ड अनुसार निर्माण भई घर निर्माण सम्पन्न भएका घरहरु मात्र भाडामा लिने व्यवस्था तत्काल कार्यान्वयनमा ल्याउने ।

१३. राष्ट्रिय भु-उपयोग नीति, २०६९ बमोजिम गाउँ तथा नगरको भु-उपयोग योजना निर्माण गरी सो अनुसार मात्र वस्ती विकास तथा भवन निर्माणको निमित्त सो नीतिको अनुसूची-२ मा उल्लेख गरिए अनुसारको जिल्ला, नगर तथा गाउँ स्तरीय भु-उपयोग कार्यान्वयन समिति तत्काल गठन गरी यसलाई क्रियाशील बनाई भु-उपयोग योजना निर्माण गर्ने कार्यको थालनी गर्ने ।

१४. नयाँ नगरपालिकाहरुले सहरी विकास मन्त्रालयबाट तयार पारिएको शहरी योजना सम्बन्धी आधारभूत मापदण्ड २०७१ तथा भवन निर्माणको नमूना मापदण्ड २०७१ अनुरुप भवन निर्माणको मापदण्ड तयार गरी स्थानीय परिषद्‌बाट स्वीकृत गराई स्वीकृत मापदण्डहरुलाई कार्यान्वयनमा ल्याउने । साथै सबै नगरपालिकाहरुले राष्ट्रिय भवन संहितालाई आगामी आर्थिक वर्ष २०७२/०७३ देखि अनिवार्य रुपमा कार्यान्वयन गर्ने ।

१५. आफ्नो क्षेत्रभित्रको सार्वजनिक खुला स्थानको पहिचान गरी उक्त स्थानहरुको संरक्षण गर्ने र सो क्षेत्रलाई खुला क्षेत्रको रुपमा घोषणा गरी उक्त क्षेत्रमा सार्वजनिक उद्यान र पार्क बाहेकका अन्य संरचनाहरु निर्माण गर्न नदिने व्यवस्था मिलाई सोको जानकारी मन्त्रालयलाई गराउने ।

नेपाल सरकार
# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
नगरपालिका व्यवस्था शाखा
सिंहदरबार, काठमाडौं

फोन नं.: ०१-४२००२८३
फ्याक्स : ०१-४२००३३६
ईमेलः municipal@mld.gov.np

१६. स्थानीय स्वायत्त शासन ऐन अनुरुप सरकारी तथा सार्वजनिक निकायहरुले समेत भवन निर्माणको अनुमति नलिई भवन निर्माण गर्न नपाउने व्यवस्था रहेकोले मन्त्रालयबाट यस अघि भएको निर्देशन अनुरुप सरकारी तथा सार्वजनिक भवनको समेत नक्सापासको व्यवस्था मिलाउने ।

केशवराज पार्धे
शाखा-अधिकृत

**बोधार्थ :**

श्री सहरी विकास मन्त्रालय, सिंहदरवार, काठमाडौं ।
श्रीजिल्ला प्रशासन कार्यालयहरु, सवै ।
श्री जिल्ला प्राविधिक कार्यालय, सबै ।
श्री सूचना तथा विद्युतीय शासन शाखा,
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयः यो पत्रलाई यस मन्त्रालयको वेव साइटमा अपलोड गरिदिनुहुन अनुरोध छ ।